मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## आमाबाबु बिहिन बालबालिकाको संरक्षणक कार्यक्रमकोलागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :२०८१/०५/१२

आमा वाबु बिहिन बालबालिका संरक्षण कार्यक्रम बागमती प्रदेश सशर्त अनुदान अन्तर्गत आ.व. २०८१/०८२ मा कार्यान्वियन हुनेगरी आमा र वाबु दुवै गुमाएका वालवालिकाको शिक्षा , स्वास्थ्य र पोषणको सुनिश्चित गरी सामाजिक संरक्षण प्राप्त गर्ने उद्देश्यले कानुन बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागी तपसिलका योग्यता पुगेका व्यक्तिले तपसिलमा उल्लेखित कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य व्यक्ति वा संरक्षकले आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सरोकारवाला सम्बन्धित सबैमा सूचित गरिन्छ।

**भत्ता प्राप्त गर्ने वालवालिकाको योग्यता**

- आमा बाबु दुबैको मृत्यु भएको वा बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेख वाट बन्चित भई अरूको संरक्षण मा रहेको
- १८ वर्ष उमेर पुरा नगरेको
- ५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा विद्यालय भरेना भई नियमित विद्यालय जाने गरेको
- कुनै गैरकानुनी वा आपराधिक कार्यमा संलग्न नभएको

**आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरू**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी / १६ वर्षपुरा भई नागरिकता प्राप्त गरेको भए नागरिकताको प्रतिलिपी
- आमा र बाबु दुवैको मृत्युदर्ताको प्रतिलिपी वा बाबुआमा दुवै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेख वाट बन्चितमा परेको प्रमाणित कागजातको साथमा प्रहरी मुचुल्का , बाबुको मृत्यु भएको र आमा अर्को बिवाह गरि गएकाको हकमा प्रहरी मुचुल्का र वडा कार्यालयको सिफारिस
- विद्यालयमा भर्ना भई नियमित बिद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष पूरा भएको वालवालिकाको हकमा मात्र )
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

नोट :विगतका आ.व.मा भत्ता प्राप्त गर्नुभएका वालवालिकाको हकमा **अध्ययनरत विद्यालयको र वडा कार्यालयको सिफारिस** यस नगरपालिकामा पेश गर्नुपर्ने साथै उक्त कार्यक्रमबाट लाभ लिन सक्ने नयाँ बालबालिकाको लागि सूचना अनुसार निवेदन प्राप्त भएपछी नगरपालिकाबाट आवश्यक प्रक्रिया अगाडी वढाईने छ। यस सम्बन्धी थप जानकारी मन्थली नगरपालिका महिला वालबालिका तथा समाजकल्याण शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।